**काठमाडौं महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**४१औं नगर कार्यपालिका बैठकको निर्णयहरू**

मितिः २०८२।३।२९ (नेपाल संवत ११४५ दिल्लागा तृतीया)

| प्र.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १ | प्रमुखज्यूको प्रस्ताव | आर्थिक वर्ष २०८२/०८३ को प्रस्तावित नीति तथा कार्यक्रममा छलफल गर्ने सम्वन्धमा । | आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम नगरसभाको पहिलो बैठकमा प्रस्तुत गर्ने |
| २ | प्रमुखज्यूको प्रस्ताव | आर्थिक वर्ष २०८२/०८३ को प्रस्तावित बजेट तथा कार्यक्रम नगरसभाको अधिवेशनमा पेश गर्ने सम्वन्धमा | आगामी आर्थिक वर्ष २०८२।८३ को राजश्व र व्यय (बजेट) को अनुमान नगरसभाको पहिलो बैठकमा प्रस्तुत गर्ने |
| ३ | प्रमुखज्यूको प्रस्ताव | काठमाडौं महानगरपालिकको प्रस्तावित आर्थिक विधेयक, २०८२ नगरसभाको अधिवेशनमा पेश गर्ने सम्वन्धमा । | आर्थिक विधेयक, २०८२ नगरसभाको पहिलो बैठकमा प्रस्तुत गर्ने |
| ४ | प्रमुखज्यूको प्रस्ताव | काठमाडौं महानगरपालिकाको प्रस्तावित विनियोजन विधेयक, २०८२ नगरसभाको अधिवेशनमा पेश गर्ने सम्वन्धमा । | विनियोजन विधेयक, २०८२ नगरसभाको पहिलो बैठकमा प्रस्तुत गर्ने |
| ५ | अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालय | The European Parliament and the European commission ले Belgium मा आयोजना गरेको "European Union Visitors Program (EUVP)" कार्यक्रममा सहभागिताको लागि उपप्रमुख श्री सुनिता डंगोललाई गरिएको मनोनयन अनुमोदन गर्ने सम्बन्धमा । | April ५-१३, २०२५ मा European Union को Belgium मा The European Parliament and the European Commission ले आयोजना गरेको "European Union Visitors Program (EUVP)" कार्यक्रममा सहभागिताको लागि काठमाडौं महानगरपालिकाका उप-प्रमुख श्री सुनिता डंगोल ज्यूलाई मनोनयन गर्न श्रीमान प्रमुखज्यूवाट २०८१/०९/२४ मा भएको निर्णय अनुमोदन गर्ने । |

| प्र.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| ६ | अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालय | अप्रिल १४ देखि १७ सम्म World Tourism Cities Federation Hongkong Fragrant Hills Tourism Summit 2025 कार्यक्रममा वडा नम्बर ३ का वडाध्यक्ष श्री प्रेम थापा र वडा नम्बर ९ का वडाध्यक्ष श्री रामजी भण्डारीलाई गरिएको मनोनयन अनुमोदन गर्ने सम्बन्धमा | April १४-१७,२०२५ मा China को Hongkong मा WTCF ले आयोजना गरेको "World Tourism Cities Federation Hong Kong Fragrant Hills Tourism Summit 2025" कार्यक्रममा सहभागिताको लागि काठमाडौं महानगरपालिकाका ३ नम्बर वडाका वडाध्यक्ष श्री प्रेम थापा र ९ नम्बर वडाका वडाध्यक्ष श्री रामजी भण्डारीलाई मनोनयन गर्न श्रीमान प्रमुखज्यूवाट २०८१/१०/२१ र २०८१/११/२७ मा भएको निर्णय अनुमोदन गर्ने । |
| ७ | प्रशासन विभाग | काठमाडौँ महानगरपालिकामा कार्यरत करार कर्मचारीहरुको मिति २०८१ माघ देखि २०८२ असार मसान्तसम्म थप गरिएको करार अवधि अनुमोदन गर्ने सम्बन्धमा । | काठमाडौं महानगरपालिकामा करार सेवामा कार्यरत प्रशासन विभागबाट पेस भएका ४०६ जना कर्मचारीहरुको मिति २०८१ साल माघ देखि २०८२ साल असार मसान्तसम्म करार अवधि थप गर्ने सम्बन्धमा मिति २०८१/१२/२६ गते प्रमुखज्यूबाट नगर कार्यपालिकाबाट अनुमोदन हुने गरी भएको निर्णय अनुमोदन गर्ने । |
| ८ | प्रशासन विभाग | वडा नम्बर १० का वडाध्यक्ष श्री राम कुमार के.सी.लाई उपचार खर्च उपलब्ध गराउने सम्बन्धमा | “प्रस्ताव लेखीए बमोजिम वडाध्यक्ष श्री राम कुमार के.सी.लाई १०,२६,५२२।- ( दश लाख छब्बिस हजार पाँच सय बाइस रुपैया उपचार सहायता उपलब्ध गराउने” |
| ९ | प्रशासन विभाग | अधिकृतस्तर सातौं तह (अप्राविधिक) प्रशासन सेवा, सामान्य प्रशासन समूह, अधिकृत सातौं श्री सुदिप ढुंगानाको स्थायी नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा | बागमती प्रदेश लोक सेवा आयोगबाट अधिकृतस्तर सातौं तह (अप्राविधिक), प्रशासन सेवा, सामान्य प्रशासन समूह, अधिकृत सातौं वा सो सरह पदमा सिफारिस भएका सुदिप ढुंगानालाई स्थायी नियुक्ती गर्ने मिति २०८२।०१।२२ गतेको प्रमुखस्तरीय निर्णय अनुमोदन गर्ने । |
| १० | प्रशासन विभाग | सूचना प्रविधि इन्जिनियर श्री माधव खनालको करार अवधि अनुमोदन गर्ने सम्बन्धमा | सूचना प्रविधि इन्जिनियर श्री माधव खनालको करार अवधि सकिएको मितिबाट २०८२ साल असार मसान्तसम्म थप गर्ने सम्बन्धमा मिति २०८२।०१।३१ मा प्रमुखज्यूबाट भएको निर्णय अनुमोदन गर्ने । |
| ११ | प्रशासन विभाग | सव इन्जिनियर विवेक खनालको असाधारण विदा अनुमोदन गर्ने सम्बन्धमा । | बागमती प्रदेश, स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६० ( १) बमोजिम सव इन्जिनियर विवेक खनान (क.सं.नं. २३८८६४) लाई मिति २०८२।०२।०१ देखि २०८५।०१।३१ सम्म (ई.सं. मे १५, २०२५ देखि मे १३, २०२८ सम्म) तीन वर्ष अध्ययनका लागि मिति २०८२/०२/०८ मा प्रमुखज्यूबाट स्वीकृत भएको असाधारण विदा अनुमोदन गर्ने । |

| प्र.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १२ | प्रशासन विभाग | असाधारण विदा स्वीकृत गर्ने सम्बन्धमा । | बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६३ बमोजिम तपसिलका कर्मचारीहरुको असाधारण विदा स्वीकृत गर्ने ।<br>*कार्यालय सहयोगी (कुचिकार) श्री मदन पोडे -*<br>*२०८२/०२/२० देखि २०८३/०२/१९ गते सम्म १ वर्ष*<br>*भारी सवारी चालक श्री कृष्ण प्रसाद रिमाल-*<br>*२०८२/०२/२० देखि २०८२/०८/२९सम्म जम्मा १९६ दिन (६ महिना १२ दिन)* |
| १३ | प्रशासन विभाग | नापी अधिकृत उत्तम प्रसाद भट्टराईको पत्नीलाई उपचार वापत आर्थिक सहायता दिने सम्बन्धमा । | बागमती प्रदेश, स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ७७ को व्यवस्था अनुसार नापी अधिकृत श्री उत्तम प्रसाद भट्टराईको पत्नी शान्ता कुमारी बरालको उपचार गर्दा खर्च भएको बिल बमोजिम बढीमा पाँच लाख रुपैया आर्थिक सहायता उपलब्ध गराउने । |
| १४ | प्रशासन विभाग | वडा नम्वर २३ का वडा सदस्य श्री चन्द्रदेवी मानन्धर र वडा नम्वर ३१ का वडा सदस्य श्री सान्नानी मिजारलाई उपचार खर्च उपलब्ध गराउने सम्बन्धमा । | काठमाडौं महानगरपालिका विकास सहायता कार्यविधि, २०७९ को दफा १४ र १५ अनुसार तपशिल बमोजिमका पदाधिकारीहरुलाई औषधोपचार गर्दा भएको विलअनुसारको खर्च रकम उपचार सहायता उपलब्ध गराउने ।<br>चन्द्रदेवी मानन्धर- ७२,३१५।०० (बहत्तर हजार तीन सय पन्ध्र रुपैया)<br>श्रीमती सान्नानी मिजार- ३,४२,५८८।०३ (तीन लाख बयालिस हजार पाँच सय अठासी रुपैया तीन पैसा) |
| १६ | सम्पदा तथा पर्यटन विभाग | वडा नम्वर ५ हाडीगाउँ र वडा नम्वर ८ नवालीटोलमा परम्परागत शैलीमा भवनको मोहडा निर्माण/परिवर्तन गर्ने कार्यको लागि नीतिगत निर्णय सम्बन्धमा । | सहरी योजना आयोगले तयार गरेको डिजाइन, ड्इङ र लागत अनुमानमा आवश्यक संशोधन सहित वडा नम्वर ५ हाँडीगाउँ स्थित कृष्ण मन्दिर देखि भव कुँ त्वासम्मका सडकका दायाँबायाँ  र वडा ८ नवाली टोल स्थित सेतो ढोकादेखि जयबागेश्वरी सम्मका सडकको दायाँबायाँका निजि घरका अगाडिको मोहडा परम्परागत शैलीमा पुनःनिर्माणको लागि निजी घरधनिहरुसँग सम्झौता गरी नक्शा पास भएका/नभएका, अभिलेखीकरण गरिएका/नगरिएका सम्पूर्ण भवन/घरका अगाडिको मोहडा ५ तल्लासम्म परम्परागत शैलीमा पुनःनिर्माण गर्ने कार्य बोलपत्रको माध्यमबाट खरिद गरि कार्यन्वयन गर्ने । |
| १७ | सम्पदा तथा पर्यटन विभाग | येंया पर्वको लागि इन्द्रजात्रा व्यवस्थापन समितिलाई नियमित रुपमा दिइरहेको अनुदान सहयोगमा २० प्रतिशतले वृद्धि तथा व्यबस्थापन खर्च उपलब्ध गराउने सम्बन्धमा । | येंया पर्वको लागि इन्द्रजात्रा व्यवस्थापन समितिलाई रु.२३,९३,०००/- वार्षिक रुपमा अनुदान उपलब्ध गराउदै आएकोमा यस आर्थिक वर्षमा २० प्रतिशतले बढाई जम्मा रु. २८,७१,६००- (अठ्ठाइस लाख एकहत्तर हजार छ सय रुपैया) अनुदान रकम उपलब्ध गराउने । |

| प्र.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १८ | वातावरण व्यवस्थापन विभाग | संयुक्त राष्ट्र संघ विकास परियोजना र काठमाडौं महानगरपालिकाको संयुक्त साझेदारीमा सञ्चालन हुने प्लाष्टिक रिकभरी परियोजना सञ्चालन सम्बन्धी प्रमुख प्रशासकीय अधिकृतबाट भएको दुई पक्षीय समझदारी अनुमोदन गर्ने । | संयुक्त राष्ट्र संघ विकास परियोजना र काठमाडौं महानगरपालिकाको संयुक्त साझेदारीमा महानगरपालिकामा सञ्चालन हुने प्लाष्टिक रिकभरी परियोजना सञ्चालन सम्बन्धमा मिति १३ जुन २०२५ मा प्रमुख प्रशासकीय अधिकृतबाट भएको दुई पक्षीय समझदारी अनुमोदन गर्ने । |
| १९ | सार्वजनिक निर्माण विभाग | Bagmati River Corridor Fencing कार्यको थप निर्माण स्थलको स्वीकृति सम्बन्धमा । | काठमाडौ महानगरपालिका अन्तर्गत Bagmati River Corridor Fencing Works, Thapathali to Dhobikhola Dovan, Tinkune to Sinamangal कार्यको लागि तोकिएको स्थानहरुमा विविध कारणहरुले सबै स्थानहरुमा BOQ अनुसार कार्य गर्न नसकिने अवस्था आएकाले बागमती नदी किनार मात्र सिमित नभई काठमाडौं महानगर क्षेत्रभित्र पर्ने अन्य खोला तथा नदी किनाराहरुमा आवश्यकता तथा सिफारिसका आधारमा सोही प्रकृतिको कार्य गर्ने सम्वन्धमा श्रीमान् प्रमुखज्यूबाट मिति २०८२/०१/३० मा भएको निर्णय का.म.पा, सार्वजनिक खरिद नियमावली (पहिलो संशोधन) २०८० को दफा १२(क) उपनियम (४) बमोजिम अनुमोदन गर्ने । |
| २० | प्रशासन विभाग | कानुनी सल्लाहकारको म्याद थप तथा नयाँ कानुनी सल्लाहकार नियुक्ती सम्बन्धमा । | कार्यालयलाई सेवा उपलब्ध गराइरहनु भएका कानुनी सल्लाहकारहरु मध्ये पूर्वन्यायधिश शेखर पौडेलको राजिनामा स्वीकृत, महेश कुमार नेपालको हकमा २०८२।२।२९ सम्म र अधिवक्ता श्री ओम प्रकाश अर्याल र सरस्वती श्रेष्ठ हकमा २०८२ असार मसान्तसम्म म्याद थप र अन्य कानुनी सल्लाहकारहरुको हकमा एक वर्ष म्याद थप गरी २०८२।१२।६ सम्म कायम गर्ने तथा वरिष्ठ अधिवक्ता ओम प्रसाद थपलिया, अधिवक्ता कमल इटनी र षडकोण श्रेष्ठलाई कानुनी सल्लाहकारमा नियुक्त गर्ने । |
| २१ | स्वास्थ्य विभाग | काठमाडौं महानगरपालिका वडा नम्वर १ निवासी बक्सिङ खेलको अन्तर्राष्ट्रिय खेलाडी श्री सुष्मा तामाङलाई उपचार सहायता उपलब्ध गराउने सम्बन्धमा । | काठमाडौं महानगरपालिका विकास सहायता कार्यविधि, २०७९ को दफा १३ र १५ उपदफा (२) अनुसार काठमाडौं महानगरपालिकाका वडा नम्वर १ निवासी बक्सिङ खेलको अन्तर्राष्ट्रिय खेलाडी श्री सुष्मा तामाङ्गलाई औषधी उपचारमा भएको विल अनुसारको खर्च रकम रु. ३,५१,३६२। (तिन लाख एकाउन्न हजार तिनसय बैसठ्ठी रुपैया) उपचार सहायता उपलब्ध गराउने । |

| प्र.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| | राजश्व विभाग | विविध ।<br>(क) राजश्व विधेयक, २०८२ नगर सभामा पेश गर्ने सम्बन्धमा । | काठमाडौं महानगरपालिका राजस्व ऐन, २०७५ लाई विस्थापन गर्न बनेको राजस्व विधेयक, २०८२ को मस्यौदा नगर सभाको सत्रौं अधिवेशनमा छलफलका लागि पेश गर्ने । |
| | सम्पदा तथा पर्यटन विभाग | (ख) काठमाडौं महानगरपालिका सम्पदामैत्री भवन संरक्षण एवम् निर्माण मापदण्ड तथा सहुलियत कार्यविधि ऐन, २०८२ तर्जुमा गर्न सैध्दान्तिक सहमती सम्बन्धमा । | काठमाडौं महानगरपालिका सम्पदामैत्री भवन संरक्षण एवं निर्माण मापदण्ड तथा सहुलियत कार्यविधि ऐन, २०८२ तर्जुमा गर्न सैध्दान्तिक सहमति दिने । |
| | प्रशासन | (ग) काठमाडौं नगर पञ्चायतका तत्कालिन उपप्रधानपञ्चको निधनमा दिइएको शोक बिदा अनुमोदन गर्ने सम्बन्धमा । | काठमाडौं नगर पञ्चायतका तत्कालिन उपप्रधानपञ्च तीर्थराम डंगोलको मिति २०८२ वैशाख १२ गते शुक्रवार (ने.स. ११४५ चौलागा द्वादसि) का दिन असामयिक निधन भएकोले मिति २०८२ साल वैशाख १४ गते काठमाडौं महानगरपालिका मातहतका कार्यालयमा दिइएको शोक विदा अनुमोदन गर्ने । |